# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, श्रावण २२ गते २०३० साल [ संख्या १७


श्री ५ को सरकार

### गृह पंचायत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कारागार निर्माण गर्नको लागि जनकपुर अञ्चल, धनुषा जिल्ला, जनकपुर नगरपञ्चायत वडा नं. ४ (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व बसहिया जाने बाटो, पश्चिम कि. नं. १८५ को जग्गा, उत्तर कि. नं. १८ को बाँकी जग्गा र दक्षिण कि. नं. ५ को बाँकी जग्गा यति चार किल्लाभित्रको कि. नं. ५ बाट ०–१०–१६ कि. नं. ८ बाट ०–२–० कि. नं. ११ को ०–२–११ पूरै, कि. नं. १२ को ०–५–० पूरै, कि. नं. १३ को ०–६– पूरै, कि. नं. १४ बाट १–१–२ कि. नं १५ को ०–११–१७ पूरै, कि. नं. १६ को ०–३–२ पूरै, कि. नं. १७ को ०–४–७ पूरै, कि. नं. १८ बाट ०–३–९ कि. नं. १९ बाट ०–१–११ कि. नं. २६ को ०–२–१० पूरै, कि. नं. २७ बाट ०–३–१६ र कि. नं. २८ बाट ०–१–१४ को जम्मा मालपोत रू. १७५।९१ (एक सय पचहत्तर रूपैयाँ एकान्नब्बे पैसा) लाग्ने जम्मा जग्गा बिगहा ४–०–० (चार बिगहा) को कित्ता ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।